मिति २०८२/११/०४ गतेको गाउँ कार्यपालिकाको ८ औं बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | यस अघिका बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा। | |
| २. | संशोधित बजेट तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा। | |
| ३. | नीतिगत निर्णयहरु गाउँसभामा पेश गर्ने सम्बन्धमा। | |
| ४. | ठेक्का व्यवस्थापन सम्बन्धमा । | |
| ५. | विविध । | |

मिति २०८२/११/०४ गतेको गाउँ कार्यपालिकाको ८ औं बैठकबाट भएका निर्णयहरुः

१. यस गाउँ कार्यपालिकाबाट यस अघिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन प्रगति समिक्षा गर्ने ।

२. यस गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को संशोधित आय व्यय सहित संशोधित वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरी गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्ने ।

३. यस गाउँ कार्यपालिकाको तर्फबाट गाउँसभामा पेश गर्नुपर्ने नीतिगत निर्णयहरु स्वीकृत गर्ने ।

४. यस भगवतीमाई गाउँपालिका अन्तर्गत चालु आ.व. २०८२/०८३ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार भगवतीमाई चक्रपथ सडक आयोजना (ठे.नं. BRM/RCW/NCB/05/2082/083) मिति २०८२/०६/०७ गते शिलबन्दी बोलपत्र आह्वान भई मिति २०८२/०७/१२ गते शिलबन्दी बोलपत्र खोली मिति २०८२/०८/०७ गते प्राविधिक प्रस्ताव मूल्याङ्कन सम्पन्न भई मिति २०८२/०८/१५ गते आर्थिक प्रस्ताव खोलिएको र मिति २०८२/०८/१६ गते आर्थिक प्रस्ताव मूल्याङ्कन भई मिति २०८२/०८/१७ गते शिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भएकोमा सबैभन्दा कम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता श्री रेसुङ्गा-दर्शन-रेगन जे.भी., पाल्पाको जे.भी. पार्टनर रेसुङ्गा दर्सन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. गुल्मीले मिति २०८२/०८/१५ गतेको पत्र मार्फत आफ्नो फर्मको नाममा पाँचवटा ठेक्का सम्झौता भईसकेको हुँदा यस भगवतीमाई चक्रपथ सडक आयोजनाको सम्झौता गर्न नसकिने भनि पत्राचार गरेकोमा उक्त पत्र यस कार्यालयमा मिति २०८२/०८/२३ गते दर्ता भएको देखिएको र रेसुङ्गा दर्सन कन्स्ट्रसक्न एण्ड सप्लायर्स प्रा.लि. गुल्मीले सम्झौता गरेका पाँचवटा आयोजनाहरु मध्ये स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, सुर्खेत र रेसुङ्गा दर्सन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. गुल्मीबीच भएको Sarmineta Bhurichula Fulchaule Road construction Project, Tatopani Rural Municipality, Jumla (LIDPO/Surkhet/KS/W/NCB-15/2079/080) को ठेक्का सम्झौता मिति २०८०/०२/०३ गते भएको र उक्त ठेक्काको म्याद मिति २०८२/०२/०२ गते सम्म रहेकोमा हालसम्म पनि उक्त ठेक्काको सम्झौताको म्याद थप नरेहेको र ठेक्का अन्त्य समेत नभएको हुँदा उक्त

ठेक्का चालु आयोजना हो वा होईन एकिन गर्न नसकिएको साथै यस भगवतीमाई चक्रपथ सडक आयोजनामा पहिलो सबैभन्दा कम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता श्री रेसुङ्गा-दर्शन-रेगन जे.भी.ले पेश गरेको कबोल अङ्क रु. १,७२,७५,८८०.२७ (मु.अ.क. बाहेक) र दोस्रो कम मूल्याङ्कित श्री पन्त निर्माण सेवा प्रा.लि. ले पेश गरेको कबोल अङ्क रु. १,९३,२२,७४५.०० (मु.अ.क. बाहेक) बीच रु. २०,४६,८७३.७३ रुपैयाँ फरक परेको र सो रकमको फरकमा दोस्रो सबैभन्दा कम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्दा राज्यलाई हानी नोक्सानी पुग्ने देखिएको हुँदा यस कार्यालयबाट सञ्चालित भगवतीमाई चक्रपथ सडक आयोजना (ठे.नं. BRM/RCW/NCB/05/2082/083) ठेक्का रद्द गर्ने र सो आयोजना कार्यान्वयनको लागि स्वीकृत लागत अनुमान बमोजिम पुनः शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरी ठेक्का प्रक्रिया अगाडी बढाउने ।

**भिन्न मत**

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |